कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः २९ प्रकाशन मितिः २०७७/१२/२८

नगरसभावाट स्वीकृत मिति २०७६/१०/१४

## भाग - २

### कनकाई नगरपालिकाको तालिम तथा बैठकमा दिइने पारिश्रमीक र भत्ता सम्बन्धी मापदण्ड, २०७६

<u>प्रस्तावना:</u> कनकाई नगरपालिकामा आयोजना हुने तालिम तथा बैठक एवं अन्य विषयमा पदाधिकारी सहभागी, कर्मचारी एवं विज्ञहरुलाई दिइने पारिश्रमीक तथा भत्ताहरुलाई व्यवस्थित गर्न कनकाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन को दफा ३ बमोजिम छैठौं नगरसभाको मिति २०७६-१०-१४ को निर्णय अनुसार यो मापदण्ड तयार गरि लागू गरिएको छ ।



**खण्ड १**

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क. "पदाधिकारी" भन्नाले प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, वडा अध्यक्ष र वडा सदस्य समेतलाई जनाउनेछ ।

ख. कर्मचारी भन्नाले नगरकार्यपालिका, वडा कार्यालय र विषयगत कार्यालयका स्थायी/अस्थायी, करार, ज्यालादारी कर्मचारी सम्झनु पर्नेछ सो शब्दले प्रमुख प्रशासकीय अधिकृतलाई समेत जनाउनेछ ।

ग. बिज्ञ भन्नाले कुनै विषय/क्षेत्रमा जानकार व्यक्ति सम्झनु पर्नेछ ।

घ. नगरपालिका भन्नाले कनकाई नगरपालिका सम्झनु पर्नेछ ।

२. कार्यपालिका, सभा र समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था

क) नगरसभामा सहभागी हुने पदाधिकारी बाहेक सभाको सचिव र सहयोगी कर्मचारीहरु बढीमा १० जनालाई देहाय बमोजिम सभा सञ्चालन अवधिभर भत्ता र खाना खर्च उपलब्ध गराइनेछ ।

| सि.नं. | कर्मचारी | भत्ता |
|---|---|---|
| १ | सचिव (प्र.प्र. अधिकृत) | १०००(दैनिक) |
| २ | शाखा प्रमुखहरु | १००० (दैनिक) |
| ३ | सहयोगी कर्मचारी (बढीमा २० जना) | १००० (दैनिक) |

ख) कार्यपालिकाको बैठकमा सहभागी हुने सदस्यहरुलाई देहाय बमोजिम भत्ता तथा अन्य सुविधा उपलब्ध गराइनेछ ।

| सि.नं. | पदाधिकारी/कर्मचारी | बैठक भत्ता (प्रत्येक बैठकको) |
|---|---|---|
| २ | सचिव (प्र.प्र. अधिकृत) | १००० |
| ३ | सहयोगी कर्मचारी (बढीमा | १००० |

| | | |
|---|---|---|
| | ३ जना) र आमन्त्रण गरिएका शाखा प्रमुखहरु | |

कार्यपालिकाको बैठकमा कुनै विज्ञको सहयोग लिनु पर्ने भएमा त्यस्तो बिज्ञलाई सचिव सरहको बैठक भत्ता र आउँदा जाँदाको गाडी भाडा रकम उपलब्ध गराइनेछ ।

## खण्ड २

४. अन्य समितिका सदस्यको पारिश्रमिक र भत्ताः

क) कर्मचारी छनौट समिति, परीक्षा संचालन समिति र सो सँग सम्बन्धित व्यक्तिहरु तथा कर्मचारीहरुको पारिश्रमीक र भत्ता सम्बन्धी व्यवस्थाः

अ. नगरपालिकामा कर्मचारी छनौट गर्न कार्यविधि बमोजिम गठित छनौट समितिका सदस्यहरुलाई प्रति सदस्य प्रति बैठक रु.१०००।- बैठक भत्ता ।

आ. छनौट समितिका सदस्य बाहेक कुनै विज्ञलाई आमन्त्रण गर्नु परेमा सदस्य सरहको बैठक भत्ताको अतिरिक्त नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ । दैनिक भ्रमण भत्ता दिन नमिल्ने स्थानको भए गाडी भाडा प्रतिलित दररेट अनुसारको रकम र खाना खर्च बापत प्रतिदिन रु ५००।- का दरले उपलब्ध गराईने छ ।

ख) कर्मचारी छनौट गर्न लिखित परीक्षा सञ्चालन गर्नुपर्दा सो कार्यमा संलग्न पदाधिकारी वा कर्मचारीहरुलाई देहाय बमोजिम पारिक्श्रमिक वा भत्ता उपलब्ध गराईने छ ।

अ. प्रश्नपत्र निर्माण प्रति (प्रश्न सेट प्रति विज्ञ) - रु. ८००।-

आ. प्रश्नपत्र मोडरेशन (प्रति प्रश्न सेट प्रति विज्ञ)- रु. ४००।-





इ. प्रश्नपत्र छपाईमा संलग्न कर्मचारी (बढीमा) २ जना - रु. १०००।- (प्रतिदिन)

ई. केन्द्राध्यक्ष (१ जना) रु. १०००।- (प्रति सिटिङ्ग)

उ. सहायक केन्द्राध्यक्ष (१ जना रु. ८००।- (प्रति सिटिङ्ग)

ऊ. निरिक्षक - रु. ५००।- (प्रति सिटिङ्ग)

ऋ. सहयोगि कर्मचारी - रु. ४००।- (प्रति सिटिङ्ग) (प्रति केन्द्र एक जनालाई मात्र)

ए. कार्यालय सहयोगि (१ जना) रु. ३००।-

ऐ. उत्तर पुस्तिका कोडिङ्ग - रु २ - प्रति उत्तर पुस्तिका

ऑ. उत्तर पुस्तिका डिकोडिङ्ग - रु. २ - प्रति उत्तर पुस्तिका

ऑो. उत्तर पुस्तिका परीक्षण - रु. ३० - प्रति उत्तर पुस्तिका

ओ. प्राप्ताङ्क ईन्ट्री - रु. ०.५ प्रति उत्तर पुस्तिका

ग) कर्मचारी छनौट गर्दा लिइने अन्तर्वार्ताको लागि अन्तर्वार्ता लिन उपस्थित सदस्य एवं विज्ञहरुलाई एक सिटिङ्ग अन्तर्वार्ता बापत छनौट समितिका सदस्य र विज्ञले पाउने सरहको भत्ता र अन्य सुविधा उपलब्ध गराईने छ ।

घ) कर्मचारी बैठकमा उपस्थित कर्मचारीहरुलाई बढिमा मासिक एक महिनाको बैठकको निमित्त प्रति कर्मचारी रु १००० बैठक भत्ता उपलब्ध गराइनेछ ।

## खण्ड ३

३ अन्य समितिका सदस्यहरुको वैठक भत्ता र अन्य सुविधा

क) न्यायिक समितिका सदस्यहरुको भत्ता र पारिश्रमिक सम्बन्धी व्यवस्थाः

अ. न्यायीक समितिको बैठकमा सहभागी भए बापत बढीमा एक महिनाको एक बैठकलाई देहाय बमोजिम भत्ता र अन्य सुविधा उपलब्ध गराईने छ ।

| पदाधिकारी | बैठक भत्ता |
|---|---|
| संयोजक र सदस्य | १०००/- |
| सदस्यसचिव | १०००/- |
| सहयोगी कर्मचारी एक जना | १०००/- |

आ. ईजलास सञ्चालन भएको बखत समितिको बैठकमा उपलब्ध गराए बमोजिमको भत्ता तथा अन्य सुविधा उपलब्ध गराईने छ ।

ख) राजस्व परामर्श समिति,खरिद समिति तथा मूल्याङ्कन समितिलगायत ऐनद्वारा गठित समिति

अ. समितिमा सहभागी प्रत्येक सदस्यहरुलाई प्रति बैठक रु१०००

आ. कर सम्बन्धी बिज्ञ ( आवश्यक भएमा बढीमा २ जनालाई )- रु १०००

इ. सहयोगी कर्मचारी(१ जनालाई ) - रु ५००

ग) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरुलाई दिईने बैठक भत्ता तथा अन्य सुविधाः

अ. प्रति सदस्य प्रति बैठक रु १०००

आ. सहयोगी कर्मचारी (आवश्यक भएमा मात्र)- रु ५००

घ) विषयगत समितिहरु (नगरसभा तथा कार्यपालिकाबाट गठित विषयगत समितिहरु)

अ. प्रति सदस्य प्रति बैठक - रु १०००

इ. सहयोगी कर्मचारी (आवश्यक परेमा )- रु ५०० (प्रति बैठक)





ङ) अनुगमन समिति (नगरस्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति तथा बजार अनुगमन समिति)

| पदाधिकारी | बैठक भत्ता प्रति व्यक्ति प्रति दिन/बैठक |
|---|---|
| संयोजक र सदस्य | १०००/- |
| सदस्यसचिव | १०००/- |
| आमन्त्रित सदस्य | १०००/- |

च) वडा समिति

अ. प्रति सदस्य प्रति बैठक- रु १०००

आ. वडा सचिव प्रति बैठक- रु १०००

इ. सहयोगी कर्मचारी १ जना (आवश्यक परेमा)- रु १००० (प्रति बैठक)

च) नगरसभा वा कार्यपालिकाले आवश्यकता अनुसार गठन गर्ने बिभिन्न समिति वा कार्य टोलिमा रहने सदस्यहरुको बैठकलाई बढीमा ३ वटा बैठकको प्रति सदस्य रु १००० का दरले बैठक भत्ता उपलब्ध गराईनेछ ।

छ) कुनै विषयमा स्थलगत अध्ययन, अनुसन्धान, छानविन गरी प्रतिबेदन पेश गर्न कार्यपालिकाको निर्णयद्वारा गठित कार्यदल वा कार्य टोलिलाई देहाय बमोजिम पारिश्रमिक वा भत्ता उपलब्ध गराईनेछ ।

| | यातायात खर्च (यातायातको साधन प्रयोग गर्नुपर्ने भएमा न.पा. क्षेत्रभित्र जाँदा र आउँदाको ) | दैनिक भत्ता | खाना खर्च(प्रति दिन) |
|---|---|---|---|
| कार्यपालिकाले तोकेको अवधि सम्मको प्रत्येक | (न.पा.को सवारी साधन प्रयोग नगर्ने भएमा मा) रु ५०० | १००० | ५०० |



कानूनी राजपत्र

| दिनको प्रति सदस्य | | | |
|---|---|---|---|

*स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि स्थलगत रुपमा खटिने कार्यटोलीमा समितिका सदस्यहरुले स्थलगत प्रतिवेदन पेश गर्नुपर्नेछ । कार्यपालिकाले दिन तोकीदिएको भए सोही अवधिलाई दिन मानिनेछ, दिन नतोकिदिएको अवस्थामा कामको प्रकृति हेरि बढीमा ३ दिनको हिसाबले भत्ता वा अन्य सुबिधा गराइनेछ ।*

## खण्ड ४

४. नगरपालिकामा सञ्चालन गरिने विभिन्न तालिम तथा गोष्ठीहरुमा आवश्यकता र औचित्यका आधारमा देहाय बमोजिमको शिर्षकमा अधिकतम भत्ता तथा अन्य खर्च व्यहोरिने छ ।

क. तालिम प्याकेज (Module) तयारी (आवश्यक भएमा) - रु.२५००/-

ख. मोडयूल छपाई- रु.५०/- (प्रति सहभागी/ प्रतिदिन) (आवश्यक भएमा)

ग. तालिम सञ्चालनः

अ. कार्यपत्र रु १५०/-

आ. संयोजक भत्ता प्रतिदिन रु.१०००

इ. सहभागी खाजा रु. २००/- प्रति सहभागी प्रति दिन

ई. सहभागी खाना रु.३०० (विहान देखि तालिम सञ्चालन गर्नुपर्ने भएमा)

ऊ. स्टेश्नरी रु. १००/- प्रति सहभागी

ऋ. प्रशिक्षकको पारिश्रमिक-

- राजपत्राङ्कित कर्मचारी वा विज्ञ भए रु. २०००/-प्रतिशेसन
- रा.प.अनं. कर्मचारी भए रु. १५००/- प्रतिशेसन

लृ. सहभागीको आतेजाते खर्च

✓ रु.१००/- ५ कि.मि. भित्रको सहभागीलाई





✓ रु.२००/- ५ देखि १० कि.मि. भित्रको सहभागीलाई

✓ रु.३००/- १० कि.मि. र सो भन्दा बढि दुरीबाट आउने सहभागी

एँ. मसलन्द रु. ५०००/-

ए. प्रतिवेदन रु. १०००/-

ए. तालिम उद्घाटन रु. १५० प्रति उपस्थिति

ऐ. तालिम समापन रु. १५०/- प्रति उपस्थिति

आँ. व्यानर रु. १०००/-

ओ. लेखाको काम गर्ने कर्मचारी रु. ५०० (आवश्यक भएमा)

ओ. प्रमाणपत्र रु.६० (आवश्यक भएमा)

औ. हलभाडा/अन्य भाडा - नगरपालिकाको दररेट ननाघ्ने गरी (आवश्यक भएमा)

अं. सहायक कर्मचारी रु. ३००

*स्पष्टिकरणः नगरपालिका क्षेत्रभित्र बाहेक अन्य स्थानिय तह वा जिल्लाबाट बिज्ञ प्रशिक्षक आमन्त्रण गरी प्रशिक्षण दिइने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा माथी ग (ऋ) मा उल्लेखित भत्ताको अतिरिक्त प्रचलित सवारी साधन भाडा उपलब्ध गराउन सकिनेछ । नगरपालिकाको श्रोतबाट गैर सरकारी संस्थाहरुले सञ्चालन गर्ने तालिमहरुमा समेत यो व्यवस्था लागु हुनेछ । संङ्घिय सरकार र प्रदेश सरकारबाट कार्यक्रम सञ्चालन गर्न दफा ५ मा उल्लेखित विवरण तथा दर वाहेक अन्य दर र विवरण तोकि पठाएमा सोहि दर र विवरणमा तालिम कार्यक्रम सञ्चालन गरिनेछ । तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई दिईने भत्ता प्रति कक्षा २० जना सहभागीलाई मानिनेछ । तर प्रयोगात्मक प्रकृतिको तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई दिईने भत्ता प्रति १० जना सहभागीलाई मानिनेछ ।*

आज्ञाले
रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत